# शिशु केन्द्रहरू (Children’s Centres): पटक–पटक सोधिइने प्रश्नहरू

## शिशु केन्द्रहरू के हुन् अनि तिनीहरूको विकास किन गरिदैंछ?

शिशुहरूका केन्द्रहरू ससाना केटाकेटीहरू तथा उनीहरूका परिवारहरूलाई शिशुको स्याहार–सुसार, स्वास्थ्य साथै परिवार समर्थनकारी सेवा उपलब्ध गराउने स्थलहरू हुन्। अर्का शब्दहरूमा, यी केन्द्रहरू यी सेवाहरूको पर्याय हुन्। यी सेवाहरू उपलब्ध गराइने तरिकाहरू भिन्ना–भिन्नै स्थानहरूमा भिन्ना–भिन्नै हुन्छन्। यी सेवाहरू वा त शिशुहरूको केन्द्र स्थित भएको भवन वा अन्य मामिलाहरूमा स्थानीय पुस्तकालय, स्वास्थ्य केन्द्र अथवा ग्राम गृह जस्ता सामुदायिक केन्द्रहरू मार्फत उपलब्ध गराइन्छन्।

हरेक शिशु महत्वपूर्ण हुन्छ (Every Child Matters) नामक कार्यक्रममा, शुरूका वर्षहरूमा आवश्यक समन्वित सेवाहरूको अवधारणा निहित छ। यसको प्रारम्भ सबै शिशुहरूको सेवाको प्रभावकारितामा सुधार ल्याउने अभियानको एक हिस्साको रूपमा गरिएको हो। मुलुकका सर्वाधिक वञ्चित हिस्साहरूमा स्थापित निश्चित रूपमा शुरू गरिइने स्थानीय कार्यक्रमहरू (Sure Start Local Programmes)–को विचारधारा र कार्यान्वयनमाथि नै शिशुहरूका केन्द्रहरू आधारित छन्। अब यी कार्यक्रमहरूको स्थान शिशुहरूका केन्द्रहरूले लिएका छन्।

गुणवत्तापूर्ण, पूर्णतया समावेशी अनि सबैले सहजै प्राप्त गर्नसक्ने सेवाहरू उपलब्ध गराउने कार्यलाई सर्वोच्च महत्व दिइन्छ साथै स्थानीय समुदायका आवश्यकताहरूमाथि सदैव ध्यान दिइन्छ। सेवाको उपलब्धतामा मातापिताको सहभागिता अनि प्रभाव सर्वोपरी हुन्छ।

## शिशुहरूका केन्द्रहरूको कार्यक्रमका उद्देश्यहरू के–के हुन्?

यसको प्रमुख उद्देश्य, शुरूमै हस्तक्षेप तथा रोकथाममूलक कार्य थाल्नमाथि बल दिंदै स्वास्थ्य, शिक्षा र समर्थनमाथि केन्द्रित निरन्तर सेवाहरूको सिर्जना मार्फत सबै शिशुहरूको आगममा महत्वपूर्ण सुधार ल्याउनु हो। यस्ता उच्च गुणस्तरयुक्त सेवाहरू उपलब्ध गराएर यसो गरिन्छ जसको शिशुहरू, उनीहरूका मातापिता तथा समग्र समुदायमाथि व्यापक साथै दीर्घकालीन प्रभाव पर्छ।

शिशु केन्द्रहरूले निम्न प्रक्रियाहरूमा योगदान दिन्छन्:

- हरेक शिशुको जीवनमा सर्वोत्तम शुरुआत्
- मातापिताको लागि असल अवसरहरू
- सशक्त अनि सुरक्षित समुदायहरू

यो कुनै नयाँ अवधारणा होइन अनि शिशु केन्द्रहरूको अर्थ, एक नयाँ शुरूआत् नभएर चल्दै गरेका असल काम–कार्यवाहीमाथि आधारित सेवा हो। ससाना केटाकेटी भएका अधिकांश परिवारहरू स्थानीय सेवाहरूबाट लाभान्वित भइ नै राखेका छन्। शिशुहरूका केन्द्रहरूले यी सेवाहरूको अभिवृद्धि गर्छन् र लाभहरूलाई अझ अधिक परिवारहरूसम्म पुर्‍याउँछन्। यसरी यसले सर्वाधिक आवश्यकता भएका क्षेत्रहरूमा सेवा उपलब्ध गराउने कामलाई बलियो टेवा दिन्छ।

## शिशु केन्द्रहरू कहाँ–कहाँ स्थापित हुनेछन् अनि कतिजना शिशुहरू लाभान्वित हुनेछन्?

सन् 2011–सम्ममा केण्टका हरेक समुदायको लागि शिशुहरूको केन्द्र उपलब्ध हुनेछ अनि शिशुहरूका केन्द्रहरूको विकासद्वारा 0–5 वर्ष उमेरका 81,600 शिशुहरू लाभान्वित हुनेछन्।

## शिशु केन्द्रहरूमा के–कस्ता सेवाहरू उपलब्ध गराइनेछन्?

शिशुहरूको हरेक केन्द्रले स्थानीय समुदायका आवश्यकताहरूमाथि ध्यान दिनेछ। यसर्थ, सेवाहरू भिन्ना–भिन्नै हुनसक्छन् तर निम्न सेवाहरू भने यसमा सामेल हुनेछन्:

- परिवार अनि शिशुको हेरचाहसम्बन्धी समर्थनकारी सेवाहरू तथा यसको मातापितासम्म विस्तार, जसमा अतिरिक्त भाषाको रूपमा अंग्रेजी हुनेहरू पनि सामेल छन्

- मातापिता अनि शिशुहरूको लागि घरमै सत्रहरूको आयोजना

- शुरूको शिक्षासम्बन्धी जानकारी, शिशुको हेरचाहसम्बन्धी विकल्पहरू जसमा शिशुको ध्यान राख्ने कार्य तथा स्कूल जान शुरू गर्ने शिशुहरू पनि सामेल छन्

- प्रसवपूर्व स्थितिसित सम्बद्ध जानकारी दिने कक्षाहरू अनि शिशु स्वास्थ्य केन्द्रहरू

- शिशुको पालन–पोषण बारे जानकारी अनि सुझाउ तथा स्तनपान, बोली साथै भाषा जस्ता शिशु र पारिवारिक स्वास्थ्य सेवाहरू

- ती शिशुहरूको लागि क्रेश् अर्थात् शिशु पालनशालाको सुविधा जसका मातापिता/स्याहार–सुसारकर्त्ताहरूले प्रशिक्षण वा शिशुको पालन–पोषणसम्बन्धी कक्षाहरूमा भाग लिन्छन्

- शिक्षा पुनः ग्रहण गर्ने, प्रशिक्षण वा नयाँ काम खोज्ने बारे सोचिरहेका मातापितालाई प्रोत्सहान अनि समर्थन

- अपाङ्गताले ग्रस्त शिशुहरू अनि अतिरिक्त आवश्यकता भएका शिशुहरूको लागि सेवाहरू

- स्वयंसेवी एजेन्सिहरू अनि सामुदायिक समूहहरूसित सम्पर्क

- स्थानीय स्कूल अर्थात् पाठशालाहरूसित सम्पर्क

**केण्ट चिल्ड्रेन्स ट्रस्ट (Kent Children's Trust) के हो?**

केण्ट चिल्ड्रेन्स ट्रस्ट (Kent Children's Trust) (KCT) अर्थात् केण्ट शिशु गुठीले केण्टमा शिशु अनि किशोर–किशोरीहरूको कल्याण साथै जीवनको अवसरका स्थितिमा सुधार ल्याउनको लागि सामाजिक जतन, स्वास्थ्य, प्रहरी, शिक्षा अनि अन्य सेवाहरूलाई एउटै स्थानमा ल्याउँछ। यी सेवाहरू जन्मदेखि 19 वर्षको उमेरसम्म प्रदान गरिन्छन्।

**शिशु केन्द्र कार्यक्रमको कार्यान्वयन निम्ति को जिम्मेदार छ?**

केण्टमा 23 वटा लोकल चिल्ड्रेन्स सर्भिस पार्टनरशिप्स् (Local Children's Service Partnerships) (LCSP) अर्थात् स्थानीय शिशु सेवा सहभागिताहरू छन् अनि यी KCT–का स्थानीय "भुजाहरू" हुन्। अन्य कुरोहरू बाहेक, हरेक LCSP–को शिशुहरूको केन्द्रको कार्यसूचीमा उल्लेखित कार्यहरू गर्ने जिम्मेदारी हुन्छ। हरेक केन्द्रको एक स्थानीय सलाहकार बोर्ड पनि हुन्छ तथा LCSP–को जिम्मेदारी यसै बोर्डमाथि हुन्छ। यी बोर्डहरूमा स्वयंसेवी अनि विधिक क्षेत्रहरूका प्रतिनिधिहरू तथा स्थानीय समुदायबाट आएका मातापिताहरू हुन्छन्।

**विशेष गरी, यदि यस्ता केन्द्रहरू स्कूल भएको स्थानमा अवस्थित छन् भने, यसको प्रशासन र प्रबन्धन कसरी गरिन्छ?**

केन्द्रको दैनन्दिनको तालमेल मिलाउने जिम्मेदारी शिशु केन्द्रको प्रबन्धक (Children's Centre Manager)–को हुन्छ, जसको नियुक्ति साधारणतः केण्ट काउण्टी परिषदले गर्छ। हरेक केन्द्रमा एक स्थानीय सलाहकार बोर्ड हुन्छ जसमा प्रधान अध्यापक वा स्कूल गभर्नर पनि सामेल हुनसक्छन्। हरेक LSCP–मा यससम्बन्धी व्यवस्थाहरू भिन्ना–भिन्नै हुन्छन्। शिशुहरूको केन्द्रको प्रशासनको स्कूल प्रशासन निकायसित साधारणतः सोझो सम्बन्ध हुँदैन।

**के सबै मातापिताहरूले सेवाहरू प्राप्त गर्नसक्छन् वा के यसको लागि उनीहरू एक निश्चित इलाकाभित्र बसोबास गर्नुपर्छ?**

स्कूल जाने उमेरभन्दा कम्ती उमेर भएका शिशुहरू हुने कुनैपनि परिवारले शिशुहरूको केन्द्रका सेवाहरू प्राप्त गर्नसक्छ। साधारणतः परिवारहरू सबैभन्दा नजिकको केन्द्रमा जान्छन्, तर उनीहरूको आवश्यकतालाई सबैभन्दा राम्ररी पूरा गर्ने केन्द्रमा पनि उनीहरू जानसक्छन्। शिशुहरूको केन्द्रको

कार्यक्रमका अन्तिम चरणहरूले सन् 2011–सम्ममा 5 वर्षभन्दा कम्ती उमेर भएको शिशु हुने सबै परिवारहरूसमक्ष यी सेवाहरू पुर्‍याउने कार्यलाई सुनिश्चित गर्नेछन्।

### के शिशु केन्द्रहरूको सञ्चालन सामाजिक सेवाहरूले गर्छन्?

शिशुहरूका केन्द्रहरूले उपलब्ध गराएका सेवाहरू वास्तवमा स्थानीय समुदायलाई सेवा प्रदान गर्ने विभिन्न एजेन्सिहरूद्वारा उपलब्ध गराइन्छन्।

कतिपय गतिविधिहरूको आयोजना सामाजिक सेवाहरूले गर्नसक्छन्, तर सेवा उपलब्ध गराउने कुनैपनि एजेन्सिले शिशु केन्द्रहरूलाई सञ्चालित गर्दैन।

### ग्रामीण क्षेत्रहरूमा शिशुहरूको केन्द्रको प्रावधानको विकास कसरी गरिन्छ?

ग्रामीण क्षेत्रहरूमा शिशु केन्द्रका सेवाहरू कसरी उपलब्ध गराइन्छन्, सो क्षेत्रको अवस्थितिमाथि निर्भर गर्दछ। यो त्यस क्षेत्रमा स्वास्थ्य र अन्य सेवाहरू पुर्‍याउने केन्द्रको रूपमा कार्य गरिरहेको शिशुहरूको केन्द्र हुनसक्छ, वा यसको लागि सामुदायिक भवनहरूको उपयोग पनि गर्नसकिन्छ।

### शिशुहरूको केन्द्रको विकासमा सहभागी हुने प्रमुख एजेन्सिहरू कुन–कुन हुन्?

प्रमुख सहभागीहरू स्थानीय प्राइमेरी केयर ट्रस्ट (Primary Care Trust) (PCT) अर्थात् प्राथमिक परिचर्या गुठीसित सम्बद्ध हुन्छन् अनि यसमा स्वास्थ्य कर्मी, धाई, बोली र भाषासम्बन्धी चिकित्सक तथा स्कूल नर्स पनि सामेल हुनसक्छन। स्वयंसेवी क्षेत्रसित पनि सम्बन्धहरू स्थापित भएका हुन्छन् जसमा होम स्टार्ट एण्ड कम्युनिटि भोलेन्टियरी सर्भिसेस् (Home Start and Community Voluntary Services) (CVS), द नेशनल चाइल्डमाइण्डिङ्ग एशोसिएसन् (The National Childminding Association) तथा जबसेन्टर प्लस (Jobcentre Plus) जस्ता संगठनहरू सामेल छन्।

### के शिशुहरूको केन्द्रका कर्मचारीहरू योग्यता–प्राप्त हुन्छन्?

नर्सरी कर्मचारी लगायत शिशुहरूको केन्द्रका सबै कर्मचारीहरूले उपयुक्त योग्यता प्राप्त गरेका हुन्छन् अनि उनीहरू एनहास्ड क्रिमिनल रिकर्ड्स ब्यूरो (Enhanced Criminal Records Bureau) (CRB)–द्वारा जाँचिएका हुन्छन्।

### चाइल्डमाइण्डर्स अर्थात् शिशुहरूप्रति ध्यान राख्नेहरूलाई कसरी संलग्न गराइन्छ?

क्षेत्रका केटाकेटी हेर्ने सबैलाई अर्थात् सबै चाइल्डमाइण्र्सलाई शिशुहरूका सबै सेवा केन्द्रहरूले समर्थन दिनुपर्छ। उदाहरणको लागि, उनीहरूलाई प्रशिक्षणका अवसरहरू उपलब्ध गराउन सकिन्छ, घरमा सम्बन्धित जानकारीहरू दिनसकिन्छ तथा खेलौना र उपकरणहरू उपयोग निम्ति दिनसकिन्छ।

### स्कूलहरूका विस्तारित सेवाहरू शिशुहरूका केन्द्रहरूसित कसरी सम्बन्धित हुन्छन्?

स्कूलहरूका विस्तारित सेवाहरू अनि शिशुहरूका केन्द्रहरूका आवश्यकताहरू एकै थरीका हुन्छन्, जस्तै मातापिताहरूलाई समर्थन। यसकारण संयुक्त रूपमा काम गर्ने तथा परस्पर पूरक सेवाहरूको विकास गर्ने धेरै अवसरहरू हुन्छन्। यी अवसरहरूलाई बढ़ाउनको लागि विस्तारित सेवा चलाउने स्कूलहरूका संयोजकहरू (Extended Schools Co-ordinators) तथा शिशुहरूका केन्द्रहरूका प्रबन्धकहरूले एकजुट भएर काम गर्नेछन्।

### केण्टको शिशु अनि परिवार सूचना सेवा (Kent Children & Families Information Service) के हो?

द केण्ट चिल्ड्रेन एण्ड फेमिलिज् इन्फर्मेशन् सर्भिस (CFIS) अर्थात् केण्टको शिशु अनि परिवार सूचना सेवाले शिशुको स्याहार–सुसार, पालन–पोषण अनि अन्य सम्बद्ध सेवाहरूको बारेमा मातापिता/स्याहार–सुसार गर्नेहरूलाई सित्तैंमा निष्पक्ष सुझाउ र मार्गदर्शन उपलब्ध गराउँछ। यस टोलीका सदस्यहरू नियमित रूपमा शिशुहरूका केन्द्रहरूमा जाने गर्छन्। यसकारण

मातापिता/स्याहार–सुसार गर्नेहरू उनीहरूका व्यक्तिगत आवश्यकताहरूको बारेमा चर्चा गर्न त्यहाँ जानसक्छन् वा भेट्ने समय मिलाउन सक्छन्।

**आफ्नो काम वा तालिममा फिर्ता जानमा शिशुहरूका केन्द्रहरूले मातापिताको कसरी मदत गर्छन्?**

काम वा तालिममा फिर्ता जानचाहने मातापिता/स्याहार–सुसार गर्नेहरूलाई समर्थन प्रदान गर्नको लागि शिशुहरूका केन्द्रहरूले जबसेण्टर प्लस (Jobcentre Plus)–सित सम्पर्क राखेका हुन्छन्। यसले ती घरहरूलाई फायदा पुग्नेछ जहाँ आवश्यकताहरूलाई पूरा गर्नको लागि काम गर्ने वयस्क व्यक्तिहरू हुँदैनन्। कतिपय केन्द्रहरूमा जबसेण्टर प्लस (Jobcentre Plus)–ले अन्तर्वार्ताहरूको समीक्षा गर्ने र घरमै मातापितालाई सलाह–परामर्श दिने सुविधा उपलब्ध छ। स्थानीय रोजगार अनि शिशु स्याहार्नेसम्बन्धी विकल्पहरू बारे सूचना पनि त्यहाँ उपलब्ध हुन्छ।

यी केन्द्रहरूले प्रौढ़ शिक्षा (Adult Education), नागरिक परामर्श ब्यूरो (Advice Bureaus) र क्रेडिट यूनियन्स् (Credit Unions) अर्थात ऋण संघहरूसित पनि सम्बन्ध स्थापित गर्नसक्छन्। यसरी मातापिता वा स्याहार्नेहरूलाई अझ बढ़ी समर्थन दिनसकिन्छ अनि उनीहरूलाई लाभ र ऋणसम्बन्धी सलाह तथा अन्य वित्तीय मुद्दाहरूको बारेमा जानकारीहरू प्रदान गर्नसकिन्छ।

केण्ट शिशु केन्द्रहरूको बारेमा जानकारी निम्ति कृपया सम्पर्क गर्नुहोस्:

केन्ट चिल्ड्रेन एण्ड फेमिलिज् इनफर्मेशन् सर्भिस (Kent Children & Families Information Service), फोन नम्बर: 08000 32 32 30

ई–मेल: childrenscentres@kent.gov.uk

वेबसाइट: www.kent.gov.uk/childrenscentres
अनि
www.kentchildrenscentres.org.uk

यस पर्चामा दिइएका सूचना अनि सुझाउ, पर्चा छापिएको समयमा, सही छन्।

सन्दर्भ: cc/03/09/b